परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १६२ पृष्ठ ४ २०८० मंसिर १७ गते, आइतबार 3 Dec., 2023 मूल्य रु. ५/-




समाचार पृष्ठ २ मा

## नेपालमा राजतन्त्र फर्किनेवाला छैन : नेता निधि

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# लालगढमा चारतारे गौतम होटल सञ्चालन




● विजयकुमार साह

ढल्केबर । धनुषाको लालगढमा चारतारे मापदण्डको गौतम होटल सञ्चालनमा आएको छ । शनिबार मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले उद्घाटन गरेपछि चारतारे मापदण्डका होटल सञ्चालनमा आएको हो । होटल उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री यादवले पर्यटन तथा प्रान्तीयस्तरमा हुने कार्यक्रम, सभा, गोष्ठीका लागि होटल व्यवसायमा लगानी बढ्नु सुखद् भएको बताउनुभयो । उहाँले मधेश प्रदेशको राजधानी जनकपुरधाम लगायत विभिन्न पर्यटन क्षेत्रमा घुम्न आउने पर्यटक तथा व्यापारीलाई उत्कृष्ट सेवा उपलब्ध गराउन भन्दै होटलको उत्तरोत्तर प्रगतिको शुभकामना दिनुभयो । सञ्चालक हिरा गौतमले सो होटल सञ्चालनमा ल्याउनु भएको छ । युवा उद्यमी तथा होटल व्यवसायी गौतमले 'समय सापेक्ष बदलिँदो सोच, गौतम होटलको नवीनतम अठोट' भन्ने भावका साथ विश्वस्तरको सुविधा सम्पन्न होटल निर्माण गरिएको बताउनुभयो । पूर्वपश्चिम राजमार्गसँग जोडिएको लालगढमा करिब एक बिघा क्षेत्रफलमा ३५ करोड रुपियाँको लागतमा होटल निर्माण गरिएको हो । हरियाली एवम् रमणीय वातावरणयुक्त स्थानमा निर्माण भएको यस होटलमा १५० जनासम्म बसोबास गर्न मिल्छ । होटलमा स्वीमिङ्ग पुल, बगैँचा, फिटनेस सेन्टर, स्टिम बाथ र पर्याप्त पार्किङ्को स्थान छन् । यसलगायत होटलमा सभा सम्मेलन र गोष्ठीका लागि विभिन्न कक्ष रहेको सञ्चालक गौतमले बताउनुभयो ।

# चिनी मिलले उखु क्रसिङ सुरु नगर्दा किसान चिन्तित

● टक नेपाल

वीरगञ्ज । चिनी मिलले समयमै उखु क्रसिङ सुरु नगर्दा पर्सा बाराका किसान चिन्तित भएका छन्। आफ्नो खेतमा रहेको उखु बिक्री गर्न नपाउँदा किसान मर्कामा परेका हुन्। पर्सा र बाराका उखु किसान उखु क्रसिङका लागि बारामा रहेको रिलायन्स सुगर मिलमा उखु पुर्‍याउने गरेका छन् । तर, उक्त मिलले पनि हालसम्म क्रसिङ सुरु नगर्दा किसान मर्कामा परेका हुन् । उखु तयारी अवस्थामा किसानको खेतमा रहे पनि चिनी मिलले क्रसिङ सुरु नगर्दा किसान मर्कामा परेका हुन् । पर्साका किसानको खेतमा उखु सुक्न थालेपछि अहिले जिल्लाका किसानले रौतहटमा उखु पुर्‍याउने गरेका छन् । यस्तै, सरकारले पनि अहिलेसम्म उखुको समर्थन मूल्य तोकेको छैन । उखुको समर्थन मूल्य पनि नतोकिनु तथा नजिकै भएको चिनी मिलले पनि समयमै उखु क्रसिङ नगर्दा किसान मारमा परेका हुन्। किसानहरू अहिले चिनी मिलले दिने चलानको पर्खाइमा छन्। केही किसान उखु सुक्ने र ऋण तिर्नुपर्ने भएकाले कम मूल्यमै स्थानीय स्तरमा रहेका सख्खर उत्पादन गर्ने खाँडसारीलाई बिक्री गर्दै आएका छन् । पर्सामा यसपालि दुई हजार बिघामा उखु खेती भएको उखु उत्पादक संघ पर्साका अध्यक्ष असर्फी साहले जानकारी दिए । उनले हरेक वर्ष उखु किसानले उखु खेती कम गर्दै गएको भन्दै त्यसमा समयमा उखु मिलले क्रसिङ सुरु नगर्नु, भुक्तानी समयमा नपाउनु, नगदे बाली भनेर उधारो बालीमा उखु खेती परिणत भएकाजस्ता कारण मुख्य भएको बताए ।

बाँकी पृष्ठ २ मा

# बर्दिवास नगरपालिका वडा नं २ मा

# गोलाप्रथा द्धारा जग्गाको छनौट



● टक नेपाल

बर्दिबास । बर्दिवास नगर पालिकामा रहेका पुर्ण भूमिहिनहरुलाइ गोलाप्रथाद्धारा जग्गाको छनौट गर्न लगाईएको छ । नगरपालिकाको वडा नं २ का ५७ घरधुरी भूमिहिनहरुले जग्गा प्रप्तिको लागि कित्ता नं प्राप्त गरेका छन । शुक्रबार एक कार्यक्रमका बिच नगर प्रमुख प्रहलाद कुमार क्षेत्रीले बर्दिवास नगर पालिकाकाको वडा नं. २ मा अब पुर्ण भूमिहिनहरुको अन्तय भएको दावि गर्नु भएको छ । नगरप्रमुख क्षेत्रीका अनुसार बर्दिवास नगरपालिकामा मुख्य समस्यानै भूमिहिन दलित र भूमिहिन सुकुम्वासी लाइ जग्गा उपलब्ध गराउने र अब्यवस्थित वसोवासीलाइ ब्यवस्थापन गर्नु हो त्यसैले म निर्वाचित भए संगै यस बिषयमा गम्भिरताको साथ काम अगाडी बढाएको बताउनु भयो ।अब बिस्तारै अन्य वडाहरुको पनि समस्या समाधान गर्दै जाने बताउनु भयो।कित्ता नं. प्राप्त गरेका ब्यक्तिहरुलाइ अब चाडै नै लालपुर्जा बितरण गर्ने र बत्ति, खानेपानि जस्ता आधारभुत आवाश्यकताहरुको पनि ब्यवस्था गरिने नगरप्रमुख क्षेत्रीले प्रतिबद्धता गर्नु भयो। बर्दिवास नगरपालिका वडा नं. २ का वडा अध्यक्ष धिरेन्द्र कुमार सिंहले जनताको सकारात्मक माग अनुसार यो प्रकृया अगाडी बढाएको बताए। उहाले यस्तै अन्य जनसराकारका राम्रा कामहरु पनि बाकी रहेका र जुन बोलि ले हैन काम मार्फत पुरा गर्ने बताए । वडा नं. २ भित्र रहेका पुर्ण भूमिहिनहरुलाइ २ नं. वडाकै पर्ति जग्गामा प्रति घरधुरी १ कठ्ठाको दरले जग्गा उपलब्ध गराउन प्रक्रिय अगाडी बढाएको बर्दिवास नगरपालिकाको भूमिहिन दलित ,भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासी सेवा केन्द्रका संयोजक पवन कुमार कार्कीले बताउनु भयो।कार्कीका अनुसार निश्पक्ष होस भन्ने सोच राखेर जग्गा प्राप्त गर्ने ब्यक्तिहरुलाइ नै गोला प्रथा मार्फत जग्गाको छनौट गर्न लगाएको बताए। अब यो काम करिब अन्तिम चरणमा रहेको र छिट्टै यक कार्यक्रमको बिच लालपुर्जा बितरण गरिने पनि बताए। बर्दिवास नगरपालिको अन्य वडाहरुको पनि काम अगाडी बढिरहेको र सम्पुर्ण वडा हरुको पनि छिट्टै समस्या समाधान हुनेमा आफु आशाबादी रहेको कार्कीले बताए ।

बाँकी पृष्ठ २ मा






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# गाँजाको विकल्प के ?

कुनै समय गाँजा लगाउने जिल्लाका रुपमा बारा र पर्सा बद्नाम थिए । गाँजाको पैसा सबैले खाने भए पनि दोष भने गाँजा उत्पादन गर्ने कृषकहरुले पाउने गर्दथे । त्यसो त आर्थिक रुपमा हेर्ने हो भने चैं गाँजा उत्पादनले यस क्षेत्रका नागरिकहरुलाई राम्रो कमाइ पनि भएको थियो । बिश्वका कयौं देशमा गाँजा उत्पादनमा प्रतिबन्ध नभए पनि नेपालमा भने यसको उत्पादन र बिक्री वितरण दुबैमा बन्देज छ । अझै केही त यही गाँजा बिक्री गरेको आरोपमा कारागारमा समेत छन् । केही वर्ष अगाडिदेखि बारा र पर्सामा गाँजाको उत्पादन हुन छाडेको थियो । कृषकहरु गाँजाको विकल्पतिर लागेका थिए । स्थानीय प्रशासनले कडाइ गरेपछि गाँजाको उत्पादनमा कृषकहरुको रुची घट्यो र उनीहरु विकल्पतिर लागे । तर, विकल्प खेतीको रुपमा कृष???ले भने जस्तो चैं केही हुन सकेन । कृषकहरुले तरकारी उत्पादन गरे, भारतीय तरकारीको निर्वाध आयतले गर्दा नेपाली किसानहरु कौडीको भाउमा तरकारी बिक्री गर्न बाध्य भएका थिए । किसानहरुले गँजाको सट्टामा उखु लगाए । तर चिनी मिलका मालिकहरुको मनोमानीले उनीहरुले पाकेको उखु समयमै बिक्री पाएनन । अलिअली बिक्री भएको उखुको भुक्तानी लिन पनि किसानलाई महाभारत नै पर्यो । उखु खेती त झन बारा र पर्साका किसानको लागि भालुको कन्पर्ट जस्तै साबित भयो । अहिले फेरि बारा र पर्साका केही स्थानमा गाँजा खेती भइरहेको कुरा बाहिर आएको छ । नेपालमा गाँजाको बिक्री वितरणमा सरकारले रोक लगाएको थाहा पाएर पनि कृषकहरु गाँजा रोप्न बाध्य छन् । कृषकलाई विकल्प नदिइकन केवल गाँजाको विरोध गर्नुको अर्थ छैन । त्यसैले बरु गाँजाको व्यवसायिक खेती शुरु गर्नका लागि कानुन संशोधन गर्नेतर्फ सरकारले ध्यान दिने पो हो कि ?

# नेपालमा राजतन्त्र फर्किनेवाला छैन : नेता निधि




• टक नेपाल

काठमाडौं । नेपाली काङ्ग्रेसका नेता विमलेन्द्र निधिले कसैले चाहँदैमा नेपालमा राजतन्त्र नफर्कने दाबी गरेका छन् । आज बेलाको होम अप्लायन्सेसको शाखा उद्घाटन समारोहमा बोल्दै उनले यस्तो बताएका हुन् । उनले भने, ‘ अब नेपालमा कसैले सोच्दै मा राजतन्त्र फर्किनेवाला छैन । गणतन्त्र नेपाली जनताले ल्याएको हो । यो निरन्तर रुपमा कायम रहन्छ । काठमाडौंको कुनै गल्ली र चोकमा यसो जुलुस निकालेर केही हुँदैन ।’ नेपाली जनताले बलिदान गरेर व्यवस्था परिवर्तन गरेको भन्दै उनले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली निरन्तर रहने बताए ।

‘अहिले सबै राजनीतिक पार्टीले सातवटै प्रदेशलाई प्रहरी संगठन दिने पहिलो काम गर्नुपर्ने छ । सातवटै प्रदेशमा उसको आफ्नो कर्मचारी प्रशासन हुनुपर्यो, यो दुईवटा काम तत्काल आवश्यक छ’ निधिले भने, ‘यसका लागि मधेश प्रदेशले धेरै पहिलादेखि आवाज उठाउँदै आएको छ । यो संविधानमा लेखिएको काम नै हो ।’ प्रदेशमा कुनै कम्पनी खोल्नु पर्यो भने काठमाडौं जानु नपरोस्, प्रदेशकै राजधानीमा त्यसको फैसला होस् भनेर त्यसका लागि स्थानीय स्तरमै कर्मचारी प्रशासन चाहिने नेता निधिले बताए । सकेसम्म आफ्नो देशमा नै रोजगारी गर्नुपर्नेमा जोड दिँदै उनले बाहिर गएर सिकेका सीप नेपाल आएर सदुपयोग गर्न सकिने बताए । पढेर बाहिर गएर काम गर्ने प्रचलन बढेको भन्दै नेता निधिले तर आफ्नो स्थानमा त्यही शिक्षा प्रयोग गरेर खेतीको आधुनिकीकरण गर्ने, उत्पादनमूलक काम र व्यवसाय गर्ने चलन नरहेको र यही कमजोरी भएको बताए । एनआरएनए कुनै बैंक नभइ संस्था भएको र यसले पनि लगानी गर्न खोजेको छ भन्दै निधिले यसरी व्यवसायीकरण र औद्यागीकरणको लागि ज-जसले प्रयास गर्छ, साथ दिनुपर्ने बताए । ‘व्यापार र व्यवसायलाई फराकिलो गर्दै लाने हो भने रोजगारको अवसर प्राप्त हुन्छ’ उनले भने, ‘त्यसका लागि सबै जना लाग्नुपर्छ ।’

# चिनी मिलले उखु क्रसिङ सुरु...

साहले पर्सा र बाराको उखु क्रसिङ बाराको रिलायन्स चिनी मिलले गर्दै आएको जानकारी दिँदै उक्त चिनी मिलले सधैँ ढिलो गरी क्रसिङ सुरु गर्ने गरेको आरोप लगाए । साथै, अहिले किसानले रौतहटसम्म उखु लैजान दूरी बढी पर्ने भएकाले थुप्रै किसान बारास्थित चिनी मिलको चलानको पर्खाइमा रहेको उनले बताए । पहिले चार हजार बिघासम्मको क्षेत्रफमा पर्सामा उखुखेती हुँदै आए पनि अहिले आएर आधा घटिसेकेको भन्दै साहले त्यसको मुख्य कारण पर्सामा चिनी नहुनु नै भएको बताए । सरकारले पनि वीरगञ्जस्थित चिनी मिल कारखाना सञ्चालन गर्न कुनै किसिमको पहल नगरेकाले पनि विस्तारै उखु किसान अन्य बाली लगाउनेतर्फ आकर्षित भएको बताए । उखु उत्पादन संघ पर्साका अध्यक्ष साहले बारास्थित रिलायन्स चिनी मिलले प्रति क्विन्टल १५ पैसा किसानसित लिएर १५ पैसा आफ्नोतर्फबाट थपेर संघलाई दिनुपर्ने भए पनि पाँच वर्षदेखि मिलले त्यो पैसा संघलाई नदिएको गुनासो गरे ।

# बर्दिवास नगरपालिका वडा नं २ मा....

यसै कार्यक्रममा राष्ट्रिय भूमि आयोग जिल्ला समिति महोत्तरीका अध्यक्ष ज्ञान बहादुर गोले ले अब चाडै नै पालिका भरी भूमिहिन दलित, भूमिहीन सुकुम्वासी र अब्यवस्थित बसोवासीको समस्या समाधान हुने बताउनु भयो।यस वडामा ६० जनाको नाम सिफारिस भइ आएको र यस बिषयमा जिल्ला समितिको तर्फबाट उहाहरुको नाममा नेपाल अधिराज्यभरी कही नम्बरी जग्गा भए नभएको चेक जाचँ गर्नु मालपोत कार्यलय बर्दिवासमा पत्रचार गर्दा ३ जनाको नाममा नम्बरी जग्गा भेटिएको र तिनि हरुलाइ प्रक्रियाबाट हटाइ बाकीको काम अगाडी बढाएको गोलेले बताए । अब पालिका बाट कित्ता नं सहितको पत्र प्राप्त भए पछी ७ दिनको हकदाबिको सुचना जारी गर्ने र अन्य आवाश्क प्रकृया पुरा गरी लालपुर्जा बितरण गर्ने पनि बताए ।

टक नेपाल
राष्ट्रिय दैनिक
“परिवर्तनको एक नयाँ आवाज”
हरेक नेभेषका घटनाहरुको सुक्ष्म अध्यन गरेर सत्यतथ्य सचाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ।

Healthy Living Nepal Pvt. Ltd.
Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)
बैजनाथ चौधरी
मो. ९८४४२५१७९९, ९७०३७७४७८४
हरेक प्रोडक्टमा बम्पर अफर !






जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)

धुम्रपान तथा सुर्तीजन्य पदार्थ प्रयोग गर्न छोडेमा हुने फाइदाहरू

- हृदयाघातको जोखिम कम हुने
- क्यान्सरको जोखिम कम हुने
- मधुमेहको जोखिम कम हुने
- फोक्सो र श्वासप्रश्वास सम्बन्धी समस्या कम हुने
- मुख दाँत, गिजा स्वस्थ रहने
- उमेर नपुग्दै छाला चाउरी पर्ने सम्भावना कम हुने
- आँखाको दृष्टि कमजोर हुनबाट जोगिने
- श्रवण शक्ति कमजोर हुनेबाट जोगिने
- गर्भावस्थामा हुने जोखिम कम हुने

बर्दिबास नगरपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। | तुला | प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ। |
| बृष | परिस्थितिवश आफ्नै वचनबद्धता पालना गर्न नसक्ने स्थिति र हनेछ। | वृश्चिक | केही बाध्यात्मक परिस्थितिले काममा अलमल्याउन सक्छ। |
| मिथुन | रचनात्मक काम प्रारम्भ गर्ने समय छ। | धनु | फुर्सद तथा मनोरञ्जनको समय छ। |
| कर्कट | आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ। | मकर | चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ। |
| सिंह | दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ। | कुम्भ | सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ। |
| कन्या | नयाँ कामले नाम र दाम दिलाउनेछ। | मीन | छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# कतारमा दुई दशक बिताएका शत्रुघन भन्छन्- शेखको खेतबारी छाडेर नेपाल जान्नँ

● टक नेपाल

वि.सं. ०५८ मा राजदरबार हत्याकाण्ड भयो। यो घटनाले नेपाली जनता स्तब्ध भए। सिराहाका शत्रुघन यादवलाई पनि यो घटनाले मर्माहत बनायो। उनले सोचे अब नेपालमा शान्ति हुँदैन। जागिरका लागि काठमाडौंमा भौँतारिएका यादव त्यो घटनापछि वैदेशिक रोजगारीमा लाग्ने निधो गरे। ६५ हजार रुपैयाँ तिरेर उनी कतार आए। यादव के कामका लागि कतार आएका थिए भन्ने पनि थाहा छैन। उनलाई एजेन्टले कतारको भिसा लगाइदियो। उनी सीधै कतार आए। एजेन्टले उनलाई कतारस्थित एउटा शेखको घरमा लगिदियो। त्यहाँ उनको काम खेतमा ढुंगा टिप्नु थियो। उनी झस्किए। तर, काम गर्नुको विकल्प थिएन। करिब पाँच वर्ष उनले शेखको बन्झड खेतमा ढुंगा टिप्ने काम गरे। उनीसँगै अन्य मुलुकका श्रमिकले पनि त्यहाँ काम गर्थे। उनले काम गर्ने शेखको थुप्रै जमिन थियो। जहाँ उनले खजुरको खेती गर्थे। एक दिन शेखले ढुंगा टिप्नेमध्ये १४ जनालाई खजुर टिप्ने तालिम दिए। जसमध्ये यादव सबैभन्दा उत्कृष्ट भए। 'म त फटाफट रुखमा चढ्थैं। खजुर पनि राम्रोसँग टिप्थैं,' उनी सम्झिन्छन्। यादवको कामबाट शेख खुसी भए। उनको ढुंगा टिप्ने कामबाट खजुर टिप्ने काममा पदोन्नति भयो। त्यसपछि भने उनले दैनिक दुई कार्टुन खजुर टिपेर शेखको घरमा पुराउँन थाले। यादवको कामबाट खुसी भएर शेखले २०० रियाल बक्सिस पनि दिए। 'मैले शेखलाई भनैं मैले राम्रो काम गरेको छु। मलाई बक्सिस दिनुस् भनेर। शेख खुसी भएर मेरो हातमा २०० रियाल थमाइदिए,' उनी भन्छिन्, 'मलाई बूढो शेखले धेरै माया गर्थ्यो। वेलावेलामा मलाई भेट्न खेतमै आउँथ्यो।' ५३ वर्षीय शत्रुघन यादवलाई नेपाल फर्कन खासै रुचि छैन। घरमा भने उनले पैसा पठाइरहेका छन्। भन्छन्, 'मलाई यहीँ रमाइलो छ। यो मजरा, यो खजुर, मयूर छोडेर कहाँ जानु ? नेपाल गएर अब मलाई कसले काम दिन्छ ? यहाँ मलाई सबै सुविधा छ। नेपाल किन जाने ?' अहिले भने परिस्थित बदलिएको छ। उनको बूढो शेखको मृत्यु भइसकेको छ। खेतीपाती गर्न रुचाउने शेखको मृत्यु भएपछि उनको कामको मूल्यांकन गर्ने पनि कोही छैन। 'बूढो शेख मरेपछि छोराले खेतीपाती हेर्दैनन्। गरे पनि नगरे पनि ठीकै छ,' उनले भने। उनी बसेको ठाउँ (अल्खोर) मा मात्रै शेखको १२ बिघा जमिन छ। जहाँ उनी एक्लै काम गर्छन्। त्यहाँ उनले १२०० खजुरका बोट लगाएका छन्। तीन बोट उनी आफैँले हुर्काएका हुन्। त्यसैले सबै बोटका बारेमा उनलाई जानकारी छ। 'यो गएको साल लगाएको बोट हो,' अर्को बोट देखाउँदै उनले भने, 'यो बोट भने बूढो भइसक्यो। अब यसलाई काटेर अर्को लगाउँछु।' यादवले त्यहाँ ७० वटा मयूर पनि पालेका छन्। बिहान-बेलुका उनी मयूरहरूलाई दाना खुवाउँछन्। दानाको बदलामा मयूरहरूले पंखा फिँजाएर नाचिदिन्छन्। मयूरको नाच हेरेर यादव दंग पर्छन्। 'अहिले मयूरहरू खेतमा लुकेका छन्। मान्छे धेरै देखे भने लुक्छन्,' उनले भने। उनका साथमा एउटा कुकुर र एउटा बिरालो पनि छ। यादवले आफ्ना लागि भनेर नजिकै साग पनि रोपेका छन्। अन्य तरकारी पनि लगाएका छन्। यादव विहान ६ बजे उठ्छन्। दैनिक हनुमानको पूजा गर्छन्। चिया खाएर बिहानै उनी खेततिर लाग्छन्। बिहान उनको काम भनेको खजुरको बोटमा पानी दिने, गोडमेल गर्ने, काँटछाँट गर्ने हो। दिन बढ्दै गएपछि गर्मीले काम गर्न सकिँदैन। अनि उनी वासस्थानतिर लाग्छन्। 'दिउँसो खाना पकाउँछु खान्छु, आराम गर्छु,' उनले भने। बेलुका फेरि उनी खेततिरै लाग्छन्। साँझ भने उनी कुकुर-बिरालोसँग रमाउँछन्। कहिलेकाहीँ घर परिवार र साथीभाइसँग कुरा गरेर बिताउँछन्। 'कुकुर, बिरालो र मोबाइल त साथी हुन् मेरा,' उनी भन्छन्। उनलाई शेखले मासिक १० किलो चामल, एक लिटर तेल, एक केजी दाल पठाइदिन्छन्। अहिले भने मासिक १२०० रियाल तलब दिन्छन्। अन्य खर्चका लागि भनेर मासिक १०० रियाल थपिदिन्छन्। यादव बसेको स्थानबाट मुख्य सडकमा आइपुग्न साइकलमा नै दुई घन्टा लाग्छ। त्यसैले उनी दुई महिनामा एकपटक मात्रै बजारतिर पुग्छन्। उनको तलब शेखले उनी बसेको ठाउँमै पठाउँछन्। महिनामा एकपटक उनलाई शेखका कर्मचारी भेट्न आउँछन्। उनीहरूले तलब र रासन ल्याइदिन्छन्। घरमा पैसा पठाउन मात्रै उनी सहर पस्छन्। नत्र उनी खेतमै रमाउँछन्। तर, यादवले प्रत्येक शुक्रबार साथीहरूलाई बोलाउँछन्। शुक्रबार बिदाको दिन उनका आफन्त तथा साथीभाइ उनी भएकै ठाउँमा पुग्छन्। सबै मिलेर भजन गाउँछन्। कतार मुस्लिम मुलुक हो। त्यसैले कतारमा मन्दिर स्थापना गर्न सहज भने छैन। तर, यादवले भने आफू बसेको ठाउँमै मन्दिर बनाएका छन्। उनी सधैँ रामायण पढ्छन्। साथीहरू आउँदा उनीहरूले भजन गाउँछन्। जसका लागि उनले बाजागाजा पनि जुटाएका छन्। 'शेखले मलाई साथीहरूलाई बोलाएर रमाइलो गर भन्छ। भजन गाउँदा पूजा गर्दा पनि केही भन्दैन,' उनले भने। ५३ वर्षीय यादवलाई नेपाल फर्कन खासै रुचि छैन। घरमा भने उनले पैसा पठाइरहन्छन्। 'मलाई यही रमाइलो छ। यो मजरा, यो खजुर, मयूर छाडेर कहाँ जानु ?' उनले भने। जीवनको दुई दशकभन्दा बढी समय कतारमा एक्लै बसिरहेका यादवलाई नेपालको खासै माया छैन। 'नेपाल गएर अब मलाई कसले काम दिन्छ ? यहाँ त मलाई सबै सुविधा छ। नेपाल किन जाने ?' उनले भने।



शत्रुघन यादव



सूर्यलाल साह

५३ वर्षीय शत्रुघन यादवलाई नेपाल फर्कन खासै रुचि छैन। घरमा भने उनले पैसा पठाइरहेका छन्। भन्छन्, 'मलाई यहीँ रमाइलो छ। यो मजरा, यो खजुर, मयूर छोडेर कहाँ जानु ? नेपाल गएर अब मलाई कसले काम दिन्छ ? यहाँ मलाई सबै सुविधा छ। नेपाल किन जाने ?'



मुना कुँवर
munakunwar012@gmail.com

प्रवासबाट

०००

सिराहाकै ५५ वर्षीय सूर्यलाल साह पनि विगत २३ वर्षदेखि कतारमा छन्। साह सिराहामा हलुवा बनाउँथे। पहिला त व्यापार राम्रो थियो। पछि गाउँमा धेरै उधारो बिक्री हुन थाल्यो। उधारो पैसा उठाउन नसके पछि उनले कतार जाने निधो गरे। ०५७ सालमा एक लाख ५० हजार रुपैयाँ तिरेर उनी कतार गए। कतारमा घरको कामका लागि भनेर उनलाई लगिएको थियो। तर, काम भने खेतमा ढुंगा टिप्ने थियो। उनी पनि यादवले काम गर्ने शेखकै खेतबारी काम गर्छन्। शेखको घरमा धेरै मुलुकका आप्रवासी श्रमिक छन्। कम्पनीको काम हो भनेर सूर्यलाललाई कतार बोलाइएको थियो। तर, बोलाउनेले झुट बोलेका रहेछन्। 'काम त खेतमा ढुंगा टिप्ने पो रहेछ, उनले सुनाए, 'ऋण गरेर आएँ। काम नगरी फर्के ऋण कसरी तिर्ने भन्ने भयो।' सूर्यलाल खाना राम्रो बनाउँथे। त्यसैले एक वर्षपछि शेखले उनलाई आफ्नै भान्सामा खाना बनाउन राखे। सात वर्ष उनले शेखलाई खाना बनाएर खुवाए। त्यसपछि उनी शेखसँग सधैँका लागि बिदाबारी भएर नेपाल फर्के। उनी नेपाल नै बस्ने योजनामा थिए। तर, काम केही थिएन। फेरि उनले शेखलाई फोन गरे। शेखले आऊ भनेपछि उनी फेरि कतार नै पुगे। अहिले भने उनी शेखको खेतमा काम गर्छन्। उनीसँगै आठजना अरू मुलुकका कामदार पनि छन्। सूर्यलालले अरूलाई काम लगाउँछन्। उनीहरूले खेतमा घाँस लगाउने काम गर्छन्। 'घाँसको बिउ ल्याउने, बिरुवा बनाउने काम गर्छौं। दिउँसो धेरै गर्मी हुन्छ। त्यसैले राति नै सबै काम सक्छौं,' उनले भने। शेखका थुप्रै ऊँट र भेडा छन्। तिनीहरूकै लागि उनीहरू गाँसको खेती गर्छन्। यादवजसरी सूर्यलालचाहिँ विदेशमै बसिरहन चाहँदैनन्। उनी बाँकी जीवन परिवारसँग बिताउन चाहन्छन्। उनले भने, 'धैरै समय भयो बिदेसिएको, अब घर फर्कने।'

**धुम्रपान तथा सुर्तीजन्य पदार्थ प्रयोग गर्न छोडेमा हुने फाइदाहरू**

- हृदयाघातको जोखिम कम हुने
- क्यान्सरको जोखिम कम हुने
- मधुमेहको जोखिम कम हुने
- फोक्सो र श्वासप्रश्वास सम्बन्धी समस्या कम हुने
- मुख दाँत, गिजा स्वस्थ रहने
- उमेर नपुग्दै छाला चाउरी पर्ने सम्भावना कम हुने
- आँखाको दृष्टि कमजोर हुनबाट जोगिने
- श्रवण शक्ति कमजोर हुनेबाट जोगिने
- गर्भावस्थामा हुने जोखिम कम हुने

भंगहा नगरपालिकाको कार्यालय
भंगहा, महोत्तरी

**सिटी केयर हस्पिटल**
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)







हाम्रो सेवाहरू
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
☎ 044-550527/9801050527/9801150527

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस् ।



सुशिल ढकाल
☎ ०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

# 'प्रहरी हुँ' भन्दै व्यापारीसँग पैसा असुल्ने पक्राउ



● टक नेपाल

वीरगन्ज । व्यापारीसँग पैसा उठाइरहेको अवस्थामा पर्सा प्रहरीले एकजना नक्कली प्रहरी लाई पक्राउ गरेको छ । वीरगन्ज महानगरपालिका-२३ हरपतगन्जमा व्यापारीसँग महिनावारी रकम उठाइरहेको विशेष सूचनाको आधारमा प्रहरीले ४५ वर्षीय गोविन्द महतो कोइरीलाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाका अनुसार बाराको आदर्शकोतवाल गाउँपालिका- ८ लक्ष्मीटोल निवासी कोइरीले विगत ५/६ महिनादेखि आफू मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरबाट पर्सा, बारा र रौतहटका लागि खटिएको 'घुमुवा प्रहरी हुँ' भन्दै हरपतगन्जस्थित केमिकल कम्पनी अगाडि व्यापारीसँग पैसा उठाइरहेको जानकारी आउनासाथ प्रहरी चौकी सिर्सियाबाट प्रहरी परिचालन गरिएको थियो । कोइरीलाई नियन्त्रणमा लिई थप अनुसन्धान थालिएको प्रहरी प्रवक्तासमेत रहेको थापाले जनाए ।

# ८ लाख भारुसहित २ भारतीय नागरिक पक्राउ

● टक नेपाल

काठमाडौं । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ८ लाख भारतीय रुपैयाँसहित २ जना भारतीय नागरिकलाई पक्राउ गरिएको छ । बिसतारा एयरको उडानबाट दिल्ली जान लागेका ३५ वर्षीय धर्मेन्द्र नागर र ४२ वर्षीय पङ्कज गुप्ता बिहीबार दिउँसो विमानस्थलबाट पक्राउ परेका प्रहरी प्रधान कार्यालय नक्शालले शुक्रबार जारी गरेको बुलेटिनमा उल्लेख छ । धर्मेद्र नागरको साथबाट ५ सय दरका ७५७ थान, दुई सय दरका २३० थान र १ सय दरका ६७० थान गरी जम्मा ४ लाख ९१ हजार ५०० भारतीय रुपैयाँ बरामद भएको प्रहरीले जनाएको छ । यसै गरी पङ्कज गुप्ताको साथबाट ५ सय दरका ६१७ थान गरी ३ लाख ८ हजार ५०० भारतीय रुपैयाँ बरामद भएको छ । अन्तर्राष्ट्रिय उडानतर्फको ह्याण्ड व्याग चेकिङ एरियामा जाँच गर्ने क्रममा उनीहरूबाट भारतीय रुपैयाँ बरामद भएको प्रहरीले जनाएको छ । उनीहरूलाई आवश्यक अनुसन्धानका लागि ललितपुरको पुल्चोकस्थित राजस्व अनुसन्धान विभागको जिम्मा लगाइएको छ ।

## कांग्रेस धनुषा २ को क्षेत्रीय सभापतिको निर्वाचनः

# तीन उम्मेदवार मैदानमा, गुट-उपगुट सक्रिय !



● टक नेपाल

जनकपुरधाम । नेपाली कांग्रेस धनुषा क्षेत्र नम्बर २ को सभापति र महासमिति सदस्यका लागि निर्वाचन हुने भएको छ । क्षेत्रीय सभापतिका लागि साधु भनेर चिनिने शिवशंकर कुमार गोइत, नवीनकुमार गोहिवार र भूपनारायण यादव उम्मेदवार छन् । साधु संस्थापन पक्षका छन् । तर, शेखर कोइराला समूहबाट नवीन र भूपनारायण मैदानमा उत्रिएका छन् । साधुलाई पार्टीका सहमहामन्त्री महेन्द्र यादव, केन्द्रीय सदस्य मुक्ता यादव र पुराना नेता आनन्द ढुंगानाको समर्थन छ । सोही क्षेत्रमा पर्ने हंसपुर नगर पालिकाका मेयर प्रदीप यादव र कमला नगरपालिकाका मेयर विशेश्वर यादव पनि साधुकै पक्षमा खुलेका छन् । नवीनलाई पूर्वसांसद दिनेश प्रसैलाले मैदानमा उतारेको स्रोतको दाबी छ । उनलाई जसरी पनि जिताउन पूर्वसांसद प्रसैला भोट माग्दै हिँडेका छन् । क्षेत्र नम्बर २ बाटै निर्वाचित प्रतिनिधिसभा सदस्य रामकृष्ण यादव भूपनारायणलाई जिताउन माहोल बनाइरहेका छन् । पूर्वसांसद शिवधारी यादव पनि भूपनारायणको पक्षमा खुलेका छन् । पार्टीको क्षेत्रीय निर्वाचनमा पनि गुट उपगुट सक्रिय बनेको छ । उम्मेदवारहरुभन्दा पनि केन्द्रीय नेताहरुले आआफ्ना पक्षका नेतालाई क्षेत्रीय सभापति बनाउन घरदैलो गरिरहेका छन् । अहिलेको अवस्थामा साधु बलिया उम्मेदवार देखिन्छन् । दुई स्थानीय तहक मेयरसमेत सक्रिय बनेपछि साधुले क्षेत्रीय सभापतिमा बाजी मार्ने सम्भावना बढेको सो क्षेत्रका एक कांग्रेस नेताले बताए । उनले भने, साधु बलियो देखिए पनि नवीन र भूपनारायण पनि कमजोर छैनन् । यहाँ कडै प्रतिस्पर्धा हुन्छ ।' यस्तै सात महासमिति सदस्यका लागि पनि मतदान हुनेछ । जसमा ५ जना प्रत्यक्ष र २ जना समानुपातिकबाट निर्वाचित हुनेछन् । महासमिति सदस्यका लागि प्रत्यक्षतर्फ दिनेशप्रसाद प्रसैला, विशेश्वर यादव, भोला चौधरी, महेशशंकर गिरी, राजदेव यादव, राजेश्वर गोइत, शिवधारी यादव र सुधीर गोइत उम्मेदवार छन् । यस्तै समानुपातिकतर्फ २ जनाका लागि उत्तीमप्रसाद मण्डल, रामचन्द्र मण्डल र शत्रुधन यादव उम्मेदवार छन् । धनुषा क्षेत्र २ मा औरही गाउँपालिका, शहिद नगर पालिका, विदेह नगरपालिका, जनकनन्दनी गाउँपालिका, कमला नगरपालिका, हंसपुर नगरपालिकाका ४ वटा वडा र जनकपुरधाम उपमहानगर पालिकाका २ वटा वडा पर्छन् । निर्वाचन तालिकाअनुसार शनिबार क्षेत्रीय सभापति र महासमिति सदस्यका लागि मतदान हुनेछ । ८२२ क्षेत्रीय प्रतिनिधिलाई मतदाता कायम गरिएको छ ।


## घर भाडा सम्बन्धी सूचना

महोत्तरीको बर्दिवास नगरपालिका वडा नं. १ अर्थात जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीको अगाडि रहेको भवन खालि भएको हुदाँ भाडामा लिन चाहनु हुने व्यक्ति वा कुनै पनि संघ संस्थाले विस्तृत जानकारी एवं उक्त स्थान अवलो कनको लागि तपशिल बमोजिमका ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

घरधनीको नाम : एम प्रसाद दहाल
ठेगाना : बर्दिवास नगरपालिका वडा नं. १
मो. ९८५४०२४०२४

प्रो. सुरेश चौधरी
मो. ९८५११०९९१९, ९८०६८००९१९

## श्री गणेश ईन्जिनियरिङ्ग मर्मत केन्द्र

बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)



यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्ग क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

## शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४




For new and renewing Vianet yearly subscribers.
For More Contacts, Vianet Communication Limited Bardibas Branch


बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com